नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

(LGCDP)

## कार्यक्रम समन्वय इकाई

प. सं. :- २०७४/०७५

च. नं. :- ४६२

सिंहदरबार, काठमाण्डौ ।

मिति:- २०७५।०३।१३

**विषयः सामाजिक परिचालकको निर्वाह भत्ता तथा आर्थिक विवरण सम्बन्धमा ।**

श्री महा नगरपालिकाको कार्यालय (सबै)

श्री उपमहानगरपालिकाको कार्यालय (सबै)

श्री नगरपालिकाको कार्यालय (सबै)

श्री गाउँपालिकाको कार्यालय (सबै)

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु (सबै)

प्रस्तुत विषयमा यस स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तरगत आर्थिक वर्ष २०७४।७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार जि. स. स. तथा स्थानीय तहहरु का लागि स्विकृत बजेट LMBIS मार्फत पठाइसकिएको छ । सामाजिक परिचालकहरुको हकमा २०७४ चैत्र १६ देखि २०७५ असार मसान्तसम्मको लागि पठाइएको नेपाल सरकार तर्फको ख. शि. नं. २२४११ को निर्वाह भत्ता रकम नपुग हुने भएमा सम्बन्धित स्थानीय तहमा सूचना प्रविधि अधिकृतको पारिश्रमिकका लागि यस अघि नै पठाइएको ख. शि. नं. २२४११ को रकम मध्ये सूचना प्रविधि अधिकृत को पारिश्रमिक भुक्तानी गरी बचत हुने रकम बाट सामाजिक परिचालकहरुको नपुग हुने निर्वाह भत्ता रकम भुक्तानी गर्नुहुन अनुरोध छ ।

साथै यस कार्यक्रमको ब उ शि नं ३६५८१९३ र ३६५८१९४ तर्फको खर्च नभइ बाँकी रहने बजेट २०७५ असार मसान्त भित्रै सम्बन्धित कोलेनिकामा फिर्ता गर्नुहुन र चालु आ. ब. २०७४/७५ को प्रमाणित बार्षिक आर्थिक विवरणको प्रतिलिपी २०७५ श्रावण १५ भित्र इमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट मार्फत यस कार्यक्रमको कार्यक्रम समन्वय इकाई, काठमाण्डौ वा सम्बन्धित प्रादेशिक सहयोग इकाई मार्फत पठाउनुहुन अनुरोध छ ।

रेशमलाल कँडेल

(उपसचिव/राष्ट्रिय कार्यक्रम प्रबन्धक)

***बोधार्थः***

१. श्री आर्थिक प्रशासन शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

२. श्री एल. जि. सि. डि. पि. प्रादेशिक सहयोग इकाईहरु (सबै)
(सहयोग, समन्वय, सहजिकरण र प्रतिवेदन संकलन का लागि)